अमेरिकी सहायता नियोग (USAID) को सहयोगमा
भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल (NSET) द्वारा सञ्चालित 'बलियो घर' कार्यक्रम

# सिमेन्ट जोडाइमा ढुङ्गाको घरलाई भूकम्प प्रतिरोधी बनाउन ध्यान दिनुपर्ने १० मुख्य कुराहरू



# सिमेन्ट जोडाइमा ढुङ्गाको घरलाई भूकम्प प्रतिरोधी बनाउन ध्यान दिनुपर्ने १० मुख्य कुराहरू

**पुनरावलोकन :**
आमोदमणि दीक्षित
सूर्य नारायण श्रेष्ठ
रमेश गुरागाईं
खड्गसेन ओली

**सामग्री संयोजन/लेखन :**
हिमा श्रेष्ठ
विजयकृष्ण उपाध्याय
रञ्जन ढुंगेल
ज्योतीमणि भट्टराई
रजनी प्रजापति

**ग्राफिक्स/चित्र :**
चन्दन ध्वज राना मगर
राम कुमार थापा

**लेखन तथा संयोजन सहायता :**
रामकृष्ण शर्मा

**प्रथम संस्करण :**
३,००० प्रति, चैत २०७३

**सर्वाधिकार :**
© भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

यो सामग्री भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा अमेरिकी सहायता नियोग (USAID) को आर्थिक सहयोगमा सञ्चालित "बलियो घर" कार्यक्रम अन्तर्गत सामग्री संयोजन र परिमार्जन गरी तयार पारिएको हो । यस सामग्रीमा समाविष्ट विषयवस्तुप्रति दातृ संस्था जवाफदेही रहने छैन ।

# परिचय

नेपाल भूकम्पीय जोखिमको हिसाबले अत्यन्त संवेदनशील क्षेत्रमा पर्दछ । २०७२ साल बैशाखको विनाशकारी भूकम्प र त्यसभन्दा अघिका ठूला भूकम्पहरुबाट पाठ सिक्दै विपद् जोखिम न्यूनीकरण अझ विशेषगरी भूकम्पीय सुरक्षाका सम्बन्धमा पूर्व तयारीका योजना तथा भूकम्पीय जोखिमलाई घटाउन बस्तीहरु सुरक्षित गर्नुपर्ने आवश्यकतालाई आज समाजका हरेक तह र तप्कामममा महसुस गरिएको पाइन्छ । भूकम्प आफैंले मान्छे मार्दैन तर मानव निर्मित कमजोर संरचना भत्कँदा ठूलो जनधनको क्षति हुने भएकाले हाम्रो घर तथा बस्तीहरु भूकम्पीय दृष्टिकोणले सुरक्षित र मजबुत रहनुपर्ने कुराको आत्मसात गर्दै नयाँ घर बनाउन चाहने हरुको लागि सहयोगी होस् भन्ने अभिप्रायले यो पुस्तिका तयार पारिएको छ ।


यस पुस्तिकामा **सिमेन्ट जोडाइमा ढुङ्गाको घर**लाई भूकम्प प्रतिरोधी बनाउन ध्यान दिनुपर्ने मुख्य १० बुँदाहरुलाई उल्लेख गरिएको छ । यो पुस्तिका भूकम्प प्रतिरोधी घर निर्माण गर्न चाहने घरधनी, घर निर्माणमा संलग्न हुने डकर्मी लगायत निर्माणकर्मी, प्राविधिक एवं इन्जिनियरहरु तथा सामाजिक परिचालकहरुको लागि पनि उत्तिकै महत्वपूर्ण छ ।


# १ निर्माण स्थलको छनौट र परीक्षण

निर्माणका लागि उपयुक्त नहुने स्थान यस प्रकार छन्

- पानी जम्ने स्थान
- ढुङ्गा खस्ने स्थान
- पहिरो जान सक्ने स्थान
- माटो भरेको वा पुरुवा माटो भएको स्थान
- नदीको बगर वा सीमसार क्षेत्र
- स्थायी, सक्रिय तथा गहिरो भौगर्भिक चिरा भएको स्थान
- भिरालो स्थान (अधिकतम २०° भिरालोसम्ममा मात्र निर्माण गर्नु पर्छ)

निर्माण स्थलको निरीक्षण गर्दा कम्तीमा २ वटा २ मिटरसम्म गहिरो खाल्डो खनी परीक्षण गर्ने । पहाडी क्षेत्रमा चट्टान भएको सतह भेटिएमा गहिराइ कम लिन सकिन्छ ।



भिरालो जमिन


नदीको बगर वा सिमसार क्षेत्र



ढुङ्गा खस्न सक्ने स्थल/क्षेत्र

## १ भवनको आकार प्रकार र नाप


- साधारण र नियमित आकारको जस्तै वर्गाकार, आयातकार वा वृत्ताकार घर निर्माण गर्नुपर्छ ।
- लामो र साँघुरो घर निर्माण गर्नु हुदैन । घरको लम्बाइ चौडाइको तिनगुणा भन्दा बढी हुनु हुदैन ।
- उचाइमा पनि घरलाई जतिसक्दो होचो/सानो बनाउनु पर्छ र गारोमा सेटव्याक राख्नु हुदैन् ।
- घर दुई तला र त्यस माथिको बुईगलसम्म सीमित राख्नु पर्दछ ।




आयाताकार




वर्गाकार




ठाडो दिशामा नियमित आकार

## 3 निर्माण सामग्रीहरू

- ढुङ्गा (Stone):
  - सजिलैसँग टुक्रने, नरम र हल्का किसिमको ढुङ्गा प्रयोग गर्नु हुँदैन ।
  - गहिरो चिरा नपरेको ढुङ्गा मात्र प्रयोग गर्नुपर्छ ।
  - पाटा मिलेका ढुङ्गाहरु कम्तीमा ५० मि.मि. मोटो र कम्तीमा १५० मि.मि. लामो हुनुपर्छ ।


- डण्डी (Reinforcement):

निम्न बमोजिमको डण्डी प्रयोग गर्न सकिन्छ:


- Fe ५०० र कम्तीमा १४ प्रतिशत लचकता भएको
- Fe ४१५ र कम्तीमा १४ प्रतिशत लचकता भएको
- Fe २५० र कम्तीमा २० प्रतिशत लचकता भएको

खिया लागेको डण्डी प्रयोग गर्नु हुँदैन ।

**ढुङ्गा जडान गर्ने मसला**




- ढुङ्गा जडान गर्ने मसला (Mortar):
  - यस्ता मसलामा कम्तीमा १ भाग सिमेन्ट र ६ भाग बालुवा राख्नुपर्दछ (१:६) ।
- कंक्रिट (Concrete):
  - कंक्रिट मसला M२० (१ भाग सिमेन्ट, १.५ भाग बालुवा र ३ भाग रोडा) हुनुपर्दछ ।




# ४ जग

- जग लगाउँदा गारोवाला जग लगाउनु पर्दछ । माटो अनुसार जगको न्यूनतम नाप तालिकामा देखाईए बमोजिमको हुनुपर्दछ ।





१ तला (नरम माटो)




गारोवाला जग लगाउने तरिका

| तलाको संख्या | गहिराइ मि.मि. | उचाइ मि.मि. | चौडाइ (मि.मि.) | | |
|---|---|---|---|---|---|
| | | | चौडाइ (मि.मि.) | मध्यम माटो | कडा माटो |
| १ | ८०० | ३०० | ८०० | ६०० | ६०० |
| २ | ९०० | ३०० | - | ८०० | ६०० |

नोटः नरम माटो भएको ठाउँमा २ तले सिमेन्ट जोडाइ ढुङ्गाको गारोको घर बनाउनु हुदैन । भिरालो जमिनमा चित्रमा देखाए बमोजिमको जग बनाउनु पर्दछ ।




क = २मो वा १ मिटर जुन बढी हुन्छ
उ = ३०० मि.मि. भन्दा बढी नहोस्
ø = अधिकतम ढाल २००
ख = अड्याउने टेवा पर्खाल नराख्दा १ मिटर भन्दा बढी नहोस् ।


भिरालो जमिनमा जग बनाउने तरिका

# ५ गारो


- गारोको अधिकतम लम्बाइ, उचाइ, प्यानल साईज र न्यूनतम मोटाइ तलको तालिका बमोजिम हुनुपर्दछ । :


| तलाको संख्या | तला | गारोको न्यूनतम मोटाइ (मो) (मि.मि.) | गारोको अधिकतम उचाइ (मि) | गारोको अधिकतम भित्रि लम्बाइ (मि) | अधिकतम प्यानल नाप (वर्ग मि.) |
|---|---|---|---|---|---|
| १ | सबै | ३५० | ३ | ४.५ | १३.५ |
| २ | सबै | ३५० | | | |

- यदि गारोको लम्बाइ धेरै लामो भयो भने आड दिने गरी छुट्टै गारो (Butress) उठाउनु पर्दछ । यस्ता गारो ३ मिटर भन्दा टाढा राख्नु हुदैन् । यसको न्यूनतम मोटाइ मुख्य गारो बराबरको हुनुपर्दछ र आधारको न्यूनतम चौडाइ गारोको उचाइको १/६ भाग हुनुपर्दछ । साथै माथिको चौडाइ कम्तीमा गारो बराबर हुनु पर्दछ ।
- चुली गारोले गारोको उचाइ बढाउने हुँदा सकेसम्म हलुका चुलीगारो (काठ वा जस्तापाताको) राख्नु पर्दछ ।





आड गारो








बुइगलको उचाइ



## ६ झ्याल र ढोकाहरू


- झ्याल र ढोका गारोको कुनाबाट कम्तीमा ६०० मि.मि. वा झ्यालढोकाको उचाइको १/४ हुनुपर्दछ ।
- झ्यालढोकाको बीचमा कम्तीमा ६०० मि.मि. वा सानो झ्यालढोकाको उचाइको १/२ बराबरको गारो हुनुपर्दछ ।
- ढुङ्गाको घरमा एक तलाको निर्माण गर्दा झ्यालढोकाका लम्बाइ बढीमा गारोको लम्बाइको ३० प्रतिशत र २ तलाको हकमा २५ प्रतिशत हुनुपर्दछ ।
- सबै झ्यालढोकाको लागि सील र लिन्टेल एउटै तहमा राख्नुपर्दछ ।


ल
उ२
६०० वा १/४ उ२
जुन बढी हुन्छ
६०० वा १/२ उ२
जुन बढी हुन्छ
उ१
६०० वा १/४
उ१ जुन बढी हुन्छ


# ७ गारो निर्माण गर्ने तरिका

सिमेन्ट जोडाइमा ढुङ्गाको गारो निर्माण:

- ढुङ्गाको गारोमा ठाउँ ठाउँमा पुरै गारोका चौडाइ भरिको कैची मार्ने ढुङ्गाहरु राखिएको हुनुपर्छ । दुईवटा कैची मार्ने ढुङ्गा बीचको फरक तेर्सो पट्टी १२०० मि.मि. (४ फिट) र ठाडो पट्टी ६०० मि.मि. (२ फिट) भन्दा बढी हुनु पर्दैन ।



- यदि कैंची मार्ने ढुङ्गा गारोको चौडाइ जत्रो नपाइएमा कम्तीमा गारोको ३ चौथाइ लामो ढुङ्गा एकआपसमा खप्टाएर राख्न सकिन्छ ।
- सूर र जोर्नीमा ठूलो चाक्लो ढुङ्गाको प्रयोग गर्नुपर्दछ ।




# ८ तेर्सो पट्टीहरू

भवनमा जग, जगको माथिल्लो सतह, झ्यालढोकाको तल्लो र माथिल्लो सतह, चुली गारो को भिरालो सतह, भुइँको सतह र छानाको सतहमा पूरै गारो भरि तेर्सो पट्टीहरु दिनुपर्दछ।


- सुर र जोर्नीमा उचाइ तर्फ ५०० देखि ७०० मि.मि. को दूरीमा स्टीचको प्रयोग गर्नुपर्दछ ।
- तेर्सो पट्टीहरु र स्टीचमा प्रयोग हुने फलामे डण्डीहरुको विवरण तालिकामा छ ।

यदि फलामे डण्डीलाई जोड्नुपरेमा कम्तीमा तल देखाए अनुरुप एक अर्कामा खप्टाएर राख्नु पर्दछ ।


| फलामे डण्डीको मोटाइ | ८ मि. मि. | १० मि. मि. | १२ मि. मि. | १६ मि. मि. |
|---|---|---|---|---|
| जोड्नुपर्ने लम्बाइ एम.एम | ४८० | ६०० | ७२० | ९६० |




स्टीच विवरण




तेर्सो पट्टी लगाउने तरिका





**बन्धन र तेर्सो पट्टीहरु राख्ने तरिका**


| तेर्सो पट्टी | पट्टीको मोटाइ (मि.मि.) | फलामे डण्डीको संख्या | फलामे डण्डीको ब्यास (मि.मि.) |
|---|---|---|---|
| जग माथिको डि.पि.सि. सतह | १५० | ४ | १२ |
| जग माथिको डि.पि.सि.सतह (कडा माटोको लागि) | ७५ | २ | १२ |
| झ्याल मुनीको पट्टी | ७५ | २ | १० |
| झ्यालढोका माथिको पट्टी -<br>(झ्यालढोकाको चौडाइ < १२५० मि. मि.<br>खुला भागमाथिको उचाइ < ९०० मि. मि.) | ७५ | २ | १२ |
| झ्याल ढोका माथिको पट्टी -<br>(झ्यालढोकाको चौडाइ > १२५० मि. मि.<br>खुला भागमाथिको उचाइ > ९०० मि. मि.) | १५० | ४ | २-१०<br>२-१२ |
| छानाको पट्टी (लचकदार छाना) | ७५ | २ | १२ |
| छानाको पट्टी (ढलान छाना) | ३०० | ४ | १२ |
| स्टीच | ७५ | २ | ८ |

# ९ ठाडो फलामे डण्डीहरु

- झ्याल, ढोकाको कमजोर ठाउँहरु जस्तै जोर्नी, कुना र झ्याल ढोकाको छेउमा ठाडो फलामे डण्डीहरु हाल्नु पर्दछ ।
- ठाडो फलामे डण्डीहरु जगबाट शुरु भई छानाको सतहसम्म जानुपर्दछ ।
- यस्ता डण्डीहरु तेर्सा पट्टीहरु राम्रोसँग बाँधिएको हुनुपर्दछ ।
- ठाडो फलामे डण्डीहरुको नाप तलको तालिका बमोजिम हुनुपर्दछ ।
- डण्डीहरु जोड्नु पर्ने ठाउँमा तेर्सा पट्टीहरुको तालिकामा देखाइए जति एक आपसमा जोड्नु पर्दछ ।



**ढुङ्गाको गारोमा ठाडो डण्डी राख्ने तरिका**




जोर्नी, कुना र झ्याल ढोकाको छेउमा ठाडो फलामे डण्डीहरु राख्ने तरिका


| तला संख्या | तला | डण्डीको मोटाइ (मि.मि.) | |
|---|---|---|---|
| | | नाजुक ठाउँ (कुना र जोर्नी) | झ्यालढोकाको छेउ |
| १ | भुई | १२ | १२ |
| २ | पहिलो | १६ | १२ |
| | भुई | १६ | १२ |

# १० छाना र तल्लाहरू


- सकेसम्म ढलाने भुईं र छाना लगाउनु पर्छ ।
- ढलाने भुईं र छानाको विवरण तलको चित्रमा देखाए अनुसारको गर्नुपर्दछ ।
- लचकदार छाना लगाउनु पर्दा जस्तापाता जस्ता हलुका सामान प्रयोग गर्नुपर्दछ ।
- छाना तथा तल्लाहरु गारोसँग उपयुक्त तरिकाले बाँधेको हुनुपर्दछ ।
- तला र छानामा तल चित्रमा देखाए बमोजिम चौकुने बन्धन राख्नु पर्दछ ।



**पर्खालमा छाना जोडेर अड्याउने विवरण**




**ढलानको छाना विवरण**




**छानामा चौकुने बन्धनको विवरण**

NSET

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
National Society for Earthquake Technology-Nepal (NSET)
कार्यविनायक नगरपालिका, वडा नं. २, भैंसेपाटी, ललितपुर
पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७–१) ५५९१000, फ्याक्स नं.: (९७७–१) ५५९२६९२
इ–मेलः nset@nset.org.np, वेभ साइटः www.nset.org.np